# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६६) काठमाडौं, जेठ २ गते, २०७३ साल (पूर्वातिरिक्ताङ्क ३

## भाग ५

नेपाल सरकार

### प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

माननीय जनसङ्ख्या तथा वातावरण मन्त्री श्री विश्वेन्द्र पासवान थप उपचारको लागि मिति २०७३।२।३२ मा भारतको नयाँदिल्ली प्रस्थान गर्नु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको जनसङ्ख्या तथा वातावरण मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीले माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री आनन्दप्रसाद पोखरेलले सम्हाल्ने गरी तोक्नु भएको छ।

आज्ञाले,
डा. सोमलाल सुवेदी
मुख्य सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६६) काठमाडौं जेठ १५ गते, २०७३ साल (अतिरिक्ताङ्क ३

## भाग ५

### नेपाल सरकार
### अर्थ मन्त्रालयको सूचना

सामयिक कर असूल ऐन, २०१२ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यो आदेश जारी गरेको छ :-

१. **प्रारम्भ** : यस आदेशको दफा १, २, ३, ४, ५, ९ र ११ तुरुन्त प्रारम्भ हुनेछन् र अन्य दफाहरु सम्वत् २०७३ साल साउन १ गतेदेखि लागू हुनेछन् ।

२. **भन्सार महसुल** : (१) विदेशबाट नेपालभित्र पैठारी हुने मालवस्तुमा अनुसूची-१ बमोजिम भन्सार महसुल लगाइने र असुल उपर गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) नेपालबाट विदेशमा निकासी हुने मालवस्तुमा अनुसूची-२ बमोजिम भन्सार महसुल लगाइने र असुल उपर गरिनेछ ।

३. **भन्सार सेवा दस्तुर** : नेपालबाट विदेशमा निकासी हुने र विदेशबाट नेपालमा पैठारी हुने मालवस्तुको प्रति प्रज्ञापनपत्रमा निकासी बापत एक सय रुपैयाँ र पैठारी बापत पाँच सय रुपैयाँ भन्सार सेवा दस्तुर लगाइने र असुल उपर गरिनेछ ।

तर निकासी महसुल लाग्ने मालवस्तु, कुटनीतिक तथा महसुल सुविधामा निकासी वा पैठारी हुने मालवस्तु तथा महसुल तिरी अस्थायी पैठारी हुने मालवस्तु, हवाईमार्गबाट यात्रुले आफूसँगै लैजाने मालवस्तु र पाँच हजार रुपैयाँसम्म मूल्यको निकासी वा पैठारी हुने मालवस्तुमा भन्सार सेवा दस्तुर लाग्ने छैन ।

४. **कृषि सुधार शुल्क** : अनुसूची-१ को दफा १६ मा उल्लिखित मालवस्तु पैठारी हुँदा पैठारी मूल्यमा सोही दफामा उल्लिखित दरले कृषि सुधार शुल्क लगाइने र असुल उपर गरिनेछ । तर त्यस्ता मालवस्तुको पैठारी हुँदा भन्सार महसुल लाग्ने रहेछ भने त्यस्तो पैठारीमा कृषि सुधार शुल्क लाग्ने छैन ।

५. **अन्तःशुल्क** : नेपालभित्रको मिल वा कारखानाबाट उत्पादन वा तयार भएका मालवस्तु वा पदार्थ, पैठारी भएका मालवस्तु वा पदार्थ वा सेवामा, अन्तःशुल्क ऐन, २०५८ बमोजिम अन्तःशुल्क लगाइने र असुल उपर गरिनेछ ।

६. **मूल्य अभिवृद्धि कर** : आर्थिक वर्ष २०७३/०७४ मा मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम मूल्य अभिवृद्धि कर लगाइने र असुल उपर गरिनेछ ।

७. **स्वास्थ्य सेवा कर** : (१) आर्थिक वर्ष २०७३/०७४ मा नेपाल सरकारले प्रदान गर्ने स्वास्थ्य सेवा र सामुदायिक अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवा बाहेकका व्यक्ति, संस्था वा निकायले प्रदान गर्ने स्वास्थ्य सेवामा जारी बीजक मूल्यको पाँच प्रतिशतका दरले स्वास्थ्य सेवा कर लगाइने र असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको स्वास्थ्य सेवा कर त्यस्तो सेवा प्रदान गर्ने व्यक्ति, संस्था वा निकायले बीजक जारी गरी असुल उपर गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपदफा (२) बमोजिम स्वास्थ्य सेवा कर असुल गर्ने व्यक्ति, संस्था वा निकायले असुल गरेको रकम र सोको विवरण चौमासिक रुपमा प्रत्येक चौमासिक अवधि समाप्त भएको पच्चीस दिनभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा दाखिला गर्नु पर्नेछ।

(४) कुनै व्यक्ति, संस्था वा निकायले उपदफा (१) बमोजिमको स्वास्थ्य सेवा कर छलेको पाइएमा कर अधिकृतले स्वास्थ्य सेवा कर निर्धारण गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम स्वास्थ्य सेवा कर निर्धारण गर्दा कर अधिकृतले सम्बन्धित व्यक्ति, संस्था वा निकायलाई आफ्नो सफाई पेश गर्न पन्ध्र दिनको म्याद दिनु पर्नेछ।

(६) उपदफा (३) बमोजिमको म्यादभित्र कर दाखिला नगरेमा वार्षिक पन्ध्र प्रतिशत ब्याज र विवरण दाखिला नगरेमा प्रति विवरण एक हजार रुपैयाँ असुल उपर गरिनेछ।

(७) कुनै व्यक्ति, संस्था वा निकायले स्वास्थ्य सेवा कर छलेमा कर अधिकृतले उपदफा (४) बमोजिम कर निर्धारण गरेको रकमको पच्चीस प्रतिशत रकम जरिवाना गर्न सक्नेछ।

(८) उपदफा (३) बमोजिमको स्वास्थ्य सेवा कर नबुझाउने व्यक्ति, संस्था वा निकायलाई कर अधिकृतले त्यस्तो व्यक्ति, संस्था वा निकायद्वारा सञ्चालित कारोबार बन्द गर्न आदेश दिन सक्नेछ।

(९) कर अधिकृतले उपदफा (४) बमोजिम गरेको कर निर्धारण वा उपदफा (८) बमोजिम कारोबार बन्द गर्न दिएको आदेश उपर चित्त नबुझ्ने व्यक्ति, संस्था वा निकायले त्यस्तो सूचना पाएको मितिले तीस दिनभित्र प्रशासकीय पुनरावलोकनका लागि आन्तरिक राजस्व विभागका महानिर्देशक समक्ष निवेदन दिन सक्नेछ।

(१०) उपदफा (९) बमोजिम निवेदन दिने म्याद गुज्रिन गएमा त्यस्तो म्याद गुज्रेको मितिले सात दिनभित्र म्याद गुज्रिन गएको कारण खोली आन्तरिक राजस्व विभागका महानिर्देशक समक्ष निवेदन दिन सक्नेछ र त्यस्तो निवेदनमा उल्लिखित कारण मनासिब देखिएमा आन्तरिक राजस्व विभागका महानिर्देशकले म्याद गुज्रेको मितिबाट तीस दिन म्याद थप गर्न सक्नेछ।



11
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(११) उपदफा (९) बमोजिम निवेदन परेको मितिले साठी दिनभित्र त्यस्तो निवेदन उपर आन्तरिक राजस्व विभागका महानिर्देशकले निर्णय गर्नु पर्नेछ ।

(१२) उपदफा (९) बमोजिम परेको निवेदन उपर छानविन गर्दा त्यस्तो निवेदनको जिकिर उपयुक्त देखिन आएमा स्पष्ट कारण खुलाई पर्चा खडा गरी स्वास्थ्य सेवा कर पुनः निर्धारण गर्न आन्तरिक राजस्व विभागका महानिर्देशकले आदेश दिन सक्नेछ ।

(१३) उपदफा (९) बमोजिम निवेदन दिने व्यक्तिले निर्धारित स्वास्थ्य सेवा कर रकममध्ये विवादरहित स्वास्थ्य सेवा कर र जरिवाना रकम बुझाई विवादित स्वास्थ्य सेवा कर र जरिवाना रकमको एक तिहाई रकम नगद धरौटी राख्नु पर्नेछ ।

(१४) उपदफा (११) बमोजिमको म्यादभित्र आन्तरिक राजस्व विभागका महानिर्देशकले निर्णय नगरेमा त्यस्तो म्याद नाघेपछि वा गरेको निर्णय उपर चित्त नबुझेमा त्यस्तो निर्णयको सूचना पाएको मितिले पैंतीस दिनभित्र सम्बन्धित व्यक्तिले राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्नेछ ।

(१५) यस दफा बमोजिम प्रशासकीय पुनरावलोकनको निवेदन वा पुनरावेदन दिने व्यक्तिले त्यसको एक प्रति पन्ध्र दिनभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा दर्ता गराउनु पर्नेछ ।

(१६) उपदफा (९) बमोजिम पुनरावलोकनको निवेदन वा उपदफा (१४) बमोजिम पुनरावेदन दिएको कारणबाट उपदफा (४) र उपदफा (८) मा उल्लिखित निर्णयको कार्यान्वयनमा असर परेको मानिने छैन ।

(१७) स्वास्थ्य सेवा कर बुझाउने व्यक्ति, संस्था वा निकाय स्वेच्छिक रुपमा मूल्य अभिवृद्धि करमा दर्ता हुन सक्नेछ ।

(१८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१७) बमोजिम दर्ता भएको व्यक्ति, संस्था वा निकायले मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम मूल्य अभिवृद्धि कर असुल उपर गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१९) उपदफा (१) बमोजिमको स्वास्थ्य सेवा करको कार्यविधि आन्तरिक राजस्व विभागले निर्धारण गरे बमोजिम हुनेछ ।

(२०) स्वास्थ्य सेवा करको प्रशासन आन्तरिक राजस्व विभाग र विभाग अन्तर्गतका कार्यालयबाट हुनेछ । त्यस्तो कार्यालय नभएको जिल्लामा आन्तरिक राजस्व विभागले तोकेको प्रक्रिया बमोजिम कोष तथा लेखा नियन्त्रक कार्यालयले स्वास्थ्य सेवा करको प्रशासन गर्नेछ ।

८. **शिक्षा सेवा शुल्क** : (१) आर्थिक वर्ष २०७३/०७४ मा निजी क्षेत्रबाट सञ्चालित देशभरिका उच्च माध्यमिक शिक्षाभन्दा माथिको शिक्षा प्रदान गर्ने शिक्षण संस्था, काठमाडौं उपत्यकाभित्र तथा उप-महानगरपालिका, नगरपालिका र जिल्ला सदरमुकाम तथा अन्य स्थानमा सञ्चालित शिक्षण संस्थामध्ये आन्तरिक राजस्व विभागले तोकेको शिक्षण संस्थाको हकमा सबै तहको शिक्षा प्रदान गर्ने शिक्षण संस्थाले असुल गर्ने भर्ना शुल्क र मासिक शिक्षण शुल्कमा एक प्रतिशतका दरले शिक्षा सेवा शुल्क लगाइने र असुल उपर गरिनेछ ।

**स्पष्टीकरण**: यस दफाको प्रयोजनको लागि "निजी क्षेत्रबाट सञ्चालित शिक्षण संस्था" भन्नाले तालीम तथा पुनर्ताजगी तालीम प्रदान गर्ने संस्था बाहेक कानून बमोजिम दर्ता भई निजी क्षेत्रबाट सञ्चालित विश्वविद्यालय, महाविद्यालय, विद्यालय तथा प्राविधिक शिक्षालय लगायत जुनसुकै किसिमको शिक्षा प्रदान गर्ने निकाय सम्झनु पर्छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालित शिक्षण संस्थालाई शिक्षा सेवा शुल्क लाग्ने छैन ।

(३) उपदफा (१) बमोजिमको शुल्क पिछडिएका तथा दुर्गम क्षेत्रका विपन्न वर्गका विद्यार्थीहरूको हितमा खर्च गरिनेछ ।

(४) उपदफा (१) बमोजिमको शिक्षा सेवा शुल्क त्यस्ता शिक्षण संस्थाले बीजक जारी गरी असुल उपर गर्नु पर्नेछ । कुनै शिक्षण संस्थाले शिक्षा सेवा शुल्क असुल हुने गरी बीजक जारी नगरेमा प्राप्त सूचनाका आधारमा त्यस्ता शिक्षण संस्थाको सम्पूर्ण कागजात तथा आर्थिक र प्रशासनिक कक्ष कर अधिकृतले आफ्नो कब्जा वा नियन्त्रणमा लिन सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) उपदफा (४) बमोजिम शिक्षा सेवा शुल्क असुल गर्ने शिक्षण संस्थाले असुल गरेको रकम र त्यसको विवरण चौमासिक रुपमा प्रत्येक चौमासिक अवधि समाप्त भएको पच्चीस दिनभित्र आन्तरिक राजस्व कार्यालय भएको जिल्लामा उक्त कार्यालय वा करदाता सेवा कार्यालयमा र उक्त कार्यालय नभएको जिल्लामा कोष तथा लेखा नियन्त्रक कार्यालयमा दाखिला गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको म्यादभित्र कुनै शिक्षण संस्थाले शिक्षा सेवा शुल्क दाखिला नगरेमा वार्षिक पन्ध्र प्रतिशत ब्याज र विवरण दाखिला नगरेमा प्रति विवरण एक हजार रुपैयाँ त्यस्तो शिक्षण संस्थाबाट असुल उपर गरिनेछ । उपदफा (५) मा तोकिएको म्यादपछिको तीन महिनासम्म पनि शिक्षा सेवा शुल्क दाखिला नगर्ने शिक्षण संस्थालाई कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कर अधिकृतले बन्द गर्न आदेश दिन सक्नेछ ।

(७) कुनै शिक्षण संस्थाले उपदफा (१) बमोजिमको शिक्षा सेवा शुल्क छलेको पाइएमा कर अधिकृतले शिक्षा सेवा शुल्क निर्धारण गर्न सक्नेछ ।

(८) उपदफा (७) बमोजिम शिक्षा सेवा शुल्क निर्धारण गर्दा कर अधिकृतले सम्बन्धित शिक्षण संस्थालाई आफ्नो सफाई पेश गर्न पन्ध्र दिनको म्याद दिनु पर्नेछ ।

(९) कुनै शिक्षण संस्थाले शिक्षा सेवा शुल्क छलेमा कर अधिकृतले बिगोको पच्चीस प्रतिशत रकम जरिवाना गर्न सक्नेछ ।

(१०) कर अधिकृतले उपदफा (७) बमोजिम गरेको कर निर्धारण वा उपदफा (६) बमोजिम कारोबार बन्द गर्न दिएको आदेश उपर चित्त नबुझ्ने शिक्षण संस्थाले त्यस्तो सूचना पाएको मितिले तीस दिनभित्र प्रशासकीय पुनरावलोकनका लागि आन्तरिक राजस्व विभागका महानिर्देशकसमक्ष निवेदन दिन सक्नेछ ।

(११) उपदफा (१०) बमोजिम निवेदन दिने म्याद गुज्रिन गएमा त्यस्तो म्याद गुज्रेको मितिले सात दिनभित्र म्याद गुज्रिन गएको कारण खोली आन्तरिक राजस्व विभागका महानिर्देशकसमक्ष निवेदन दिन सक्नेछ र त्यस्तो निवेदनमा उल्लिखित कारण मनासिब देखिएमा आन्तरिक राजस्व विभागका महानिर्देशकले म्याद गुज्रेको मितिबाट तीस दिन म्याद थप गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।